**2016-2017 स्कूल वर्षका लागि खाजा कार्यक्रमको आवेदन पूरा गर्ने निर्देशनहरू**

**प्रति घर <u>एउटा</u> आवेदन भर्नुहोस्**

**<u>प्रत्यक्ष प्रमाणीकरण</u>-** यदि तपाईंले Denver Public Schools मा नामांकित आफ्ना बालबालिकाका लागि 2016-2017 स्कूल वर्षमा प्रत्यक्ष प्रमाणीकरण योग्यता पत्र प्राप्त गर्नुभएको छ भने, तपाईंले स्कूल वर्ष अवधिमा कुनै पनि समयमा आवेदन भर्न आवश्यक हुँदैन। यदि तपाईंको घरमा प्रत्यक्ष प्रमाणीकरण योग्यता पत्र प्राप्त नगरेको विद्यार्थी छ भने कृपया 720-423-5623 वा 720-423-5624 मा फोन गरेर हाम्रो कार्यालयमा सम्पर्क गर्नुहोस्।

---

**भाग 1:** यदि यो फोस्टर बच्चा हो भने, फोस्टर लेखिएको छेउको बाकसमा ठीक चिन्ह लगाउनुहोस्। प्रत्येक बच्चाको नाम, विद्यार्थीको आइडी नम्बर, स्कूल, जन्म मिति र ग्रेड सूचीबद्ध गर्नुहोस्। यदि सूचीबद्ध गरिएका विद्यार्थीहरूको आम्दानी छैन भने "आम्दानी छैन" बाकसमा ठीक चिन्ह लगाउनुहोस्। विद्यार्थी घरबारविहीन, बसाइ सरेर आएको, घरबाट भागेको बच्चा हो भने उल्लेख गर्नुहोस्।

**फोस्टर बालबालिका मात्र**: फोस्टर बच्चा बाकसमा ठीक चिन्ह लगाउनुहोस्। सबै विद्यार्थीहरू, विद्यार्थीको आइडी नम्बर, स्कूल, जन्म मिति र ग्रेड सूचीबद्ध गर्नुहोस्। सामाजिक सुरक्षा नम्बरको अन्तिम चारवटा अंक **आवश्यक** छैन र आम्दानी (वा कुनै पनि कुराको उल्लेख) **आवश्यक** छैन।

**एउटै घरमा बसोबास गर्ने फोस्टर र गैर-फोस्टर बालबालिका:** प्रत्येक बच्चाको नाम, विद्यार्थी आइडी नम्बर, स्कूल, जन्म मिति र ग्रेड सूचीबद्ध गर्नुहोस्। यदि बच्चा फोस्टर बच्चा हो भने, फोस्टर बच्चा बाकसमा ठीक चिन्ह लगाउनुहोस्। यदि सूचीबद्ध गरिएका सबै विद्यार्थीहरूको आम्दानी छैन भने उनीहरूका लागि, तपाईंले आम्दानी छैन बाकसमा ठीक चिन्ह लगाउनुपर्छ। भाग 3 मा आम्दानी भएका विद्यार्थीहरू सहित <u>स</u>बै घरेलु आम्दानी बारेमा विवरण दिन निर्देशनहरूको पालना गर्नुहोस्।

**यदि तपाईंले फोस्टर मात्र, वा SNAP/TANF/FDPIR** लाभहरू पाउनुहुन्छ भने आम्दानीको विवरण उल्लेख **गर्नुपर्दैन**।

**यदि आप्रवासी, घर नभएको, वा भागेको बच्चा भएमा:** सबै विद्यार्थीको नाम, विद्यार्थीको आइडी नम्बर, विद्यालय, जन्म मिति, र ग्रेड सूचीबद्ध गर्नुहोस्। विद्यार्थी घरबारविहीन, बसाइ सरेर आएको, घरबाट भागेको हो भने उल्लेख गर्नुहोस्। **कृपया 720-423-1980 मा फोन गरेर Denver Public Schools घर नभएको/आप्रवासी/भागेको सम्पर्क व्यक्तिलाई सम्पर्क गर्नुहोस्**। सामाजिक सुरक्षा नम्बरका अन्तिम चार अंकहरू आवश्यक **छैनन्**।

---

**भाग 2: यदि तपाईंको घरपरिवारले SNAP, TANF, वा FDPIR प्राप्त गर्छ भने, यी निर्देशनहरू पालना गर्नुहोस्:**
लाभ प्राप्त गर्ने सदस्यको नाम उल्लेख गर्नुहोस् र मुद्दा नम्बर सूचित गर्नुहोस् (SNAP/TANF मा 7 अंकहरू हुन्छन्। FDPIR मा 9 अंकहरू हुन्छन्।) यसले घरपरिवारका सबै बालबालिकाहरूलाई नि:शुल्क खानाको लागि योग्य बनाउँनेछ। सामाजिक सुरक्षा नम्बरका अन्तिम चार अंकहरू आवश्यक **छैनन्**।

---

**भाग 3: घरपरिवारको सम्पूर्ण आम्दानीको विवरण दिनका लागि यी निर्देशनहरू पालना गर्नुहोस्**। अघिल्लो महिना, हालको महिना, वा अर्को महिनाको अनुमानित आम्दानी मध्ये कुनै पनि आम्दानी हुन सक्छन्। **कुल आम्दानी भनेको कुनैपनि कटौती अगिको आम्दानी हो।** फोस्टर बालबालिका मात्र वा SNAP/TANF/FDPIR लाभहरूको **<u>को लागि निवेदनहरूले यस खण्डलाई पूर्ण गर्न आवश्यक छैन।</u>** तपाईंको गृहस्थ्यमा जीवनयापन गर्ने प्रत्येक व्यक्तिको प्रथम र अन्तिम नाम सूचित गर्नुहोस् र **<u>आम्दानी भएका विद्यार्थीहरू</u>**, आफूलाई र भाग 1 मा सूचित गरिएका सबै बालबालिकाहरू समावेश गर्नुहोस्। यदि कुनै व्यक्तिको आम्दानी छैन भने, प्रत्येक व्यक्तिको नामको छेउमा “आम्दानी छैन” बाकसमा ठीक चिन्ह लगाउनुहोस्। यदि सूचित व्यक्तिको आम्दानी छ भने, आम्दानीको प्रकार र आम्दानी प्राय कति पटक प्राप्त गरिन्छ भनि उचित स्तम्भमा आम्दानीको मात्रा प्रविष्ट गर्नुहोस्। **खाली छाडिएको कुनै पनि आम्दानी फाँटले आम्दानी छैन भनि तोक्नेछ र प्रतिवेदन गर्नको लागि आम्दानी छैन भनि प्रमाणित गर्दछ।**

| <u>कामबाट भएको कमाइ</u> | <u>कल्याण/बाल सहयोग/निर्वाह-धन</u> | <u>पेन्सन/सेवा निवृत्ति/सामाजिक। सुरक्षा/SSI/VA लाभहरू</u> | <u>अन्य आम्दानी</u> |
|---|---|---|---|
| ज्याला/तलब/टिप्स, हडताल भत्ता<br>बेरोजगारी भत्ता<br>कामदारको क्षतिपूर्ति<br>आफ्नो स्वामित्वमा रहेको व्यवसाय वा खेतीबाट भएको कुल आम्दानी | सार्वजनिक सहायताको भुक्तानी<br>कल्याण भुक्तानीहरू<br>निर्वाह-धन<br>बाल सहयोग भुक्तानीहरू | पेन्सन, सामाजिक सुरक्षा परिपूरक सुरक्षा आम्दानी।<br>सेवा निवृत्ति आम्दानी<br>भूतपूर्व सैनिकले पाउने लाभहरू | अपाङ्गता भत्ताहरू<br>बचतहरूबाट निकालिएको रकम<br>ब्याज/लाभांश<br>घरजग्गा/गुठी/लगानीहरूबाट भएको आम्दानी<br>घरमा नबस्ने व्यक्तिहरूले दिने नियमित रकम<br>कुल रोयल्टी/वार्षिक वृत्ति/कुल भाडा आम्दानी, वा अन्य कुनै प्रकारको आम्दानी |

**भाग 4:** यदि तपाईं आफ्नो जानकारीलाई मेडिकेड वा SCHIP सँग साझा गर्न चाहनुहुन्न भने, यस बाकसमा ठीक चिन्ह लगाउनुहोस्।

---

**भाग 5:** भाग 1 मा उल्लिखित विद्यार्थीहरू सहित, घरमा बस्ने सदस्यहरूको **कुल** सङ्ख्यामा गृहस्थ्य सदस्यहरू **सङ्ख्या** उल्लेख गर्नुहोस्।

---

**भाग 6**: यदि #3 पूर्ण गरिएको छ भने, फारम हस्ताक्षर गर्ने वयस्कले उसको/उनीको सामाजिक सुरक्षा नम्बरको अन्तिम चार अंकहरू सुचित गर्न वा “मसँग सामाजिक सुरक्षा नम्बर छैन” बाकसमा ठीक चिन्ह लगाउन अनिवार्य छ। **हस्ताक्षर गर्ने व्यक्तिको नाम घरपरिवार खण्डमा सूचित हुन अनिवार्य छ।** ठेगाना र मुख्य फोन नम्बर भर्नुहोस्। **तपाईंले निवेदनमा हस्ताक्षर गर्न अनिवार्य छ**। निवेदनको मिति लेख्नुहोस्।

---

**भाग 7:** हामीले तपाईंको बच्चाको जाति र जातियाको बारेमा जानकारी लिन आवश्यक छ। यस खण्डमा प्रतिक्रिया दिनु ऐच्छिक हो र यसले नि:शुल्क र कम गरिएको भोजन शुल्कका लागि तपाईंको बच्चाको योग्यतालाई असर गर्नेछैन। कृपया सूचीकृत विकल्पहरूबाट चयन गर्नुहोस्।

---

*<u>शुल्क नीति</u>*: ECE (प्रि-किन्डरगार्टेन) देखि 5 कक्षासम्म $5.55 सम्म शुल्क लाग्न सक्छ। त्यस पछि उनीहरूलाई वैकल्पिक खाना दिइनेछ। सबै शुल्कहरू भुक्तान गरिने अपेक्षा गरिन्छ। 6 कक्षा र माथिका विद्यार्थीहरूलाई शुल्क लगाउन पाइँदैन। 2016-2017 का लागि खाना शुल्कहरू निम्नानुसार छन्:

**बिहानको खाजा -** ***सहभागी विद्यालयहरूमा हाल कुनै शुल्कहरू छैनन्:***

**दिउँसोको खाजा - प्रारम्भिक $1.85 माध्यामिक विद्यालय $2.10 उच्च माध्यामिक विद्यालय $2.60 कम गरिएका शुल्क दिउँसोको खाजाहरू .40 सेन्ट** (6-12 कक्षाको लागि)